# सुवर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कवहीगोठ,बारा
## मधेश प्रदेश,नेपाल

**आर्थिक तथा प्राविधिक प्रस्तावना पेश गर्ने सम्बन्धमा**

**(प्रथम पटक प्रकाशित मितिः-२०८२/०६/१० गते)**

यस सुवर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कवहीगोठ,बाराको आ.ब.२०८२/०८३ को स्वीकृत जग्गा वर्गीकरण कार्यक्रम अन्तर्गत नेपाल सरकार राजपत्र भाग ३ खण्ड (७३) संख्या २४ मिति २०८०\०४\३२ मा प्रकाशित भू-उपयोग नियमावली,२०७९ को नियम १२ उप नियम ४(ख) बमोजिम भू-उपयोग क्षेत्र नक्शा वा विवरण मध्ये कुनै एक भू-उपयोग क्षेत्र नक्शा वा विवरण अद्यावधिक गर्ने प्रावधानहरु लागु भएकोमा यस सुवर्ण गाउँपालिकाको क्षेत्र भित्र रहेका जग्गाहरुको कित्तागत वर्गीकरण र कित्ताकाट कार्य गर्नका लागि मिति २०८२/०५/०२ गतेको निर्णय बमोजिम बजेट ब्यवस्था भई १०,००,०००/-(अक्षरपी रु दश लाख मात्र) को लागत अनुमान तयार भई आएको हुँदा उक्त लागत अनुमानको परिधी भित्र रही आर्थिक तथा प्राविधिक प्रस्तावना पेश गर्नुहुन सम्वन्धित सबै सरोकावालाहरुका लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र इच्छुक फर्महरुले देहायको शर्तहरुको अधिनमा रहि आर्थिक तथा प्राविधिक प्रस्तावना पेश गर्नुहुन यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ ।

शर्तहरु:-

१. फर्मले फर्मको लेटर प्याडमा अधिकार प्राप्त ब्यक्तिले दस्तखत गरेको लिखित निवेदन साथ नविकरण भएको इजाजत पत्र,प्यान/भ्याट रजिस्ट्रेशन प्रमाण-पत्र,कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी संलग्न गरि यो सुचना प्रकाशन भएको मितिले १५ औं (मिति२०८२\०६\२४ गते) दिन कार्यालयको समय भित्र प्रस्तावना पत्रको दस्तुर रु १,०००/-(एक हजार मात्र)(पछि फिर्ता नहुने गरि) यस कार्यालयको नाममा हिमालयन बैंक लिमिटेड कवहीगोठ शाखामा रहेको आन्तरिक राजश्व खाता नम्बर 05507907200017 मा जम्मा गरेको सकल भौचर सहित निवेदन पेश गरे पछि नियमानुसार प्रस्तावना पत्र यस कार्यालयबाट उपलब्ध गराइने छ।

२. प्रस्ताव दाताले उल्लेखित कार्यक्रम सञ्चालन गर्न आफ्नो योग्यता,अनुभव र क्षम्ता पुस्टी गर्ने विवरण सम्बन्धित संस्थाले प्रमाणित गरी साथै सम्बन्धित ब्यक्तिले सही गरेको जनशक्ति,बायोडाटा,शैक्षिक योग्यता,अनुभव,तालिमहरुको प्रतिलिपीहरु संलग्न गर्नुपर्ने छ ।

३. खरिद भएको फारममा सबै विवरण प्रष्ट सँग भरेको आर्थिक तथा प्राविधिक प्रस्ताव छुटाछुटै शिलबन्दी खाममा लाहछाप लगाई सुवर्ण गाउँपालिकाको कार्यालय कवहिगोठ,बारामा पेश गर्नुपर्ने छ।

४. प्रस्तावना सकार गर्ने कबोल अंक शिलबन्दी गरि प्रस्तावना पेश गर्ने सोह्रौं दिन मिति २०८२/ ०६/ २५ गते दिनको दिन १२:०० बजे यस गाउँपालिकामा पेश गरि सक्नु पर्नेछ । पेश हुन आएको शिलबन्दी खाम सोहि दिनको २:०० बजे सुवर्ण गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

५. शिलबन्दी खोलिने समयमा आवेदन दिएका फर्महरु प्रत्यक्ष वा आफ्ना प्रतिनिधी मार्फत सहभगी हुनु पर्नेछ। आवेदन दिएका कुनै फर्म सहभागी नभएमा प्रकृया अघि बढाउन कार्यालयलाई कुनै बाधा पर्ने छैन ।खरिद वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट हुनेछ ।

६. सकार गर्ने फर्मले आफुले सकार गर्ने अंकको ५ प्रतिशतले हुन आउने रकम धरौटी/जमानत यस गाउँपालिकाको नाउँमा हिमालयन बैंक लिमिटेड कवहीगोठ शाखामा रहेको धरौटी खाता नम्बर 05507907200014 मा जम्मा गराई सकल बैंक भौचर सहित शिलबन्दी गरि बुझाउनु पर्नेछ ।

२०८२/०६/०९

श्री श्याम चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# सुवर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कबहीगोठ, बारा
मधेश प्रदेश, नेपाल

७. आर्थिक तथा प्राविधिक प्रस्ताव स्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

८. प्रस्तावित कार्यक्रमको कार्यादेश पाएको मितिले १ महिना भित्र कार्य सम्पन्न गरी समितिबाट अनुगमन गराई प्रतिवेदन पेश गर्नुपर्ने छ ।

९. यस सुचनामा खुलाइएका कुराहरु सार्वजनिक खरिद ऐन, नियमवालीमा तोकिए बमोजिम हुनेछ ।

थप जानकारीका लागि ९८६४१९९४०२ (श्यामसुन्दर कुमार यादव) मा सम्पर्क गर्न सकिने छ।

२०८१/०६/१९

श्री श्याम चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner